म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०१ बुधबार ७ मंसिर २०७९ ने. सं. ११४३ थिंलाथ्व 23 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा डेंगु संक्रमितको संख्या पाँच हजार ६ सय ६२ पुग्यो

हेटौंडा/मकवानपुरमा डेंगु संक्रमितको संख्या पाँच हजार ६ सय ६२ पुगेको छ । गत साउनदेखी हालसम्म जिल्लामा पाँच हजार ६ सय ६२ जनामा डेंगु संक्रमण भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमितहरुमध्ये सबैभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाको रहेका छन् । उपमहानगरमा हालसम्म ४ हजार दुईसय ६८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ । मनहरी गाउँपालिकाको नौसय ५८ जनामा डेंगु देखिएको कार्यालयले जनाएको छ । त्यस्तैगरि थाहानगर पालिकामा एकसय ७५,मकवानपुरगढी गाउँपालिकामा ७५ र भीमफेदी गाउँपालिकामा ४८ जनामा डेंगु पुष्टि भएको छ । बकैया गाउँपालिकाको ४३ जना,बागमती र कैलाश गाउँपालिकाको ८/८ जना,राक्सिराङ गाउँपालिकाको २४ जना र ईन्द्रसरोवर गाउँपालिकाको ३ जनामा डंगु संक्रमण पुष्टि भएको कार्यालयले जनाएको छ । त्यस्तैगरि ठेगाना नखुलेको २९ जना र अन्य जिल्लाको २३ जनामा डेंगु देखिएको छ ।

# प्रदेश संरचनाप्रति किन बढ्यो जनताको निराशा ?

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/देश संघीयतामा गएपछि दोस्रोपटक प्रदेशसभाको निर्वाचन भएको छ । मंसिर ४ गते आईतबार एकैपटक देशैभरि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भएको हो । यतिबेला निर्वाचनको मतपरिणाको गणना भइरहेको अवस्था छ । आईतबार सम्पन्न निर्वाचनमा देशैभरि मतदाताहरुको उपस्थिती न्युन रह्यो ।

पहिलो कार्यकालमा प्रदेश संरचना जनतामाझ निराशा छाएकोले मतदाताहरु उत्साहित नभएको र मतदान गर्न नगएको विश्लेषकहरुको टिप्पणी छ । बागमती प्रदेश सरकारको ५ बर्से कार्यकालमा १ सय १० जना सांसद रहेकोमा तीनजना मुख्यमन्त्री र ३९ जना मन्त्री बने ।

सरकार परिवर्तनको प्रभावले प्रदेश सकारको पहिलो कार्यकाल मन्त्री हेरफेर र आरोप प्रत्यारोपमै बित्यो । संघीय सरकारको नक्कल गर्दै सञ्चालन भएको प्रदेश सरकारले ५ बर्से कार्यकालमा नागरिकले अपेक्षा गरेअनुसारको काम गर्न सकेन । बरु यो अवधिमा प्रदेश सरकार खारेज गर्नुपर्छ भन्ने आवाज उठे ।

सरकार फेरबदलमा अल्झिएको बागमती प्रदेशका प्रथम मुख्यमन्त्री नेकपा एमालेका डोरमणि पौडेलले लामो समय अर्थात् लगभग तीन वर्ष कार्यभार सम्हाले । उनी १८ माघ ०७४ मा मुख्यमन्त्रीमा नियुक्त भएका थिए । वाम गठबन्धनको साझेदार एमालेले पौडेललाई मुख्यमन्त्री बनाउने प्रस्ताव र माओवादी केन्द्रले समर्थन पेस गरेका थिए । सोहीअनुसार पौडेल मुख्यमन्त्री बने ।

पौडेल निवर्तमान मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यलाई १० मतले हराउँदै एमाले संसदीय दलको नेतामा चयन भएका थिए । पौडेलले ३४ मत ल्याउँदा शाक्यले २४ मत ल्याएकी थिइन् । त्यसो त पौडेलको मुख्यमन्त्री यात्राले निरन्तरता पाउन सकेन । उनको राजीनामापछि बागमती प्रदेशको मुख्यमन्त्रीमा २ भदौ २०७८ मा शाक्य नियुक्त भइन् । योसँगै उनी मुलुककै पहिलो महिला मुख्यमन्त्री तथा बागमती प्रदेशको दोस्रो मुख्यमन्त्री बनिन् ।

शाक्यलाई तत्कालिन माधवकुमार नेपाल पक्षले दलको नेतामा चयन गरेको थियो । बागमती प्रदेशमा नेपाल पक्षको नेतृत्व गरि रहेकी शाक्यलाई संसदीय दलको नेता बनाई मुख्यमन्त्री बनाउने तयारी स्वरूप नै पौडेलले संसदीय दलको नेताबाट राजीनामा दिएका थिए ।

पार्टी विभाजन भएर नेपालले एकीकृत समाजवादी पार्टी गठन गरेपछि शाक्य एमालेमै र हिन् । एक महिनाभित्र विश्वासको मत नपाएपछि शाक्य मुख्यमन्त्रीबाट हटिन् । त्यसपछि बागमती प्रदेशको तेस्रो मुख्यमन्त्रीमा एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलका नेता राजेन्द्र पाण्डे नियुक्त छन् ।

एकीकृत समाजवादी, माओवादी केन्द्र, नेपाली कांग्रेस र जनता समाजवादी पार्टी गरी कुल ५९ प्रदेशसभा सदस्यको समर्थनमा प्रदेश प्रमुख यादवचन्द्र शर्माले पाण्डेलाई मुख्यमन्त्री नियुक्त गरेका थिए ।

प्रदेश सरकारको पहिलो कार्यकालमा अपेक्षाअनुसारको विकासको कामले तीव्रता लिन सकेन । सत्ता गठबन्धन भएपछि सबै दलका सांसदलाई मन्त्री पदको भागबण्डा पुर्याउन अघिल्लो सरकारको पालामा आठवटा रहेको मन्त्रालयबाट मन्त्रालय थप गर्दै १४ पुर्याइयो । त्यति मात्रै होइन ५ वर्षको अवधिमा ९९ वटा कानुन बनाउने बताएको प्रदेश सरकारले ४५ वटा मात्रै कानुन बनाउन सक्यो ।

भागबण्डा, आरोपप्रत्यारोप र वाक युद्धको लडाईंमा सांसदहरू अल्झिरहँदा प्रदेश सरकारको आफ्नै संरचनासमेत निर्माण गर्न सकेन । सरकारको आफ्नै भवन नहुँदा बर्सेनि ८ करोड रुपैयाँ भाडामा खर्च भइरहेको छ । डिपिआर भइसकेका योजना पनि अवस्थामा अलपत्र छन् ।

सरकार परिवर्तनसँगै हेटौंडा-काठमाडौं सुरुङमार्गको योजनाको काम पनि अलपत्र परेको छ । पौडेल नेतृत्वको पहिलो प्रदेश सरकारले गौरवको आयोजनाका रूपमा ४४ महिनासम्म अघि बढाएको योजना सरकार परिवर्तनसँगै स्थगित नै भयो । करिब डेढ करोड खर्च भइसकेको थियो । तर, एमाले विभाजन पछि मुख्यमन्त्री बनेका पाण्डेले मन्त्रिपरिषद्बाट सो योजना स्थगित गर्ने निर्णय गराए । करिब डेढ करोड खर्च भइसकेको प्रदेशको गौरवको योजना समेत एमाले विभाजनपछि मुख्यमन्त्री बनेका पाण्डेले मन्त्रिपरिषद्बाट स्थगित गर्ने निर्णय गराए ।



## 'विश्वकप-२०२२'
# अर्जेन्टिना पहिलो खेलमै साउदी अरेबियासँग पराजित



साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/कतारमा जारी विश्वकप-२०२२ मा एसियन मुलुक साउदी अरेबियाले विश्वकपको प्रमुख दाबेदार दक्षिण अमेरिकी महारथी अर्जेन्टिनामाथि एतिहासिक जित निकालेको छ ।

यसअघि चारपटक अर्जेन्टिनासँग खेलेको साउदी अरेबियाले कुनैपनि खेल जित्न सकेको थिएन् । तर, विश्वकपको समूह (सी)को पहिलो खेलमै साउदीले अर्जेन्टिनालाई निरीह बनाएको हो । साउदी अरेबियाले अर्जेन्टिनालाई हराएर इतिहास बनाउँदा अर्जेन्टिनाको लामो ३६ खेलको अपराजित यात्रामा टुंगो लागेको छ । साउदी अरेबियाले दुई पटक विश्वकप जितेको अर्जेन्टिनालाई २-१ गोलले हराएको हो । लुसेल आइकोनिक स्टेडियममा भएको खेलमा अर्जेन्टिनाले अग्रता लिएको थियो । साउदीका साउद अब्दुलहामिदले लिएन्ड्रो परेडेसलाई फाउल गरेपछि भिएआरको सहयोगमा अर्जेन्टिनाले पाएको पेनाल्टीलाई अर्जेन्टिनी कप्तान लियोनल मेसीले गोलमा परिणत गरे ।

खेलको पहिलो हाफमा अर्जेन्टिनाले अग्रता लिएपनि दोस्रो हाफमा भने साउदी अरेबियाले आक्रामक खेल देखायो । दोस्रो हाफमा अर्जेन्टिनामाथि हावी बनेको साउदीले पाँच मिनेट अन्तरमा दुई गोल गर्‍यो । अर्जेन्टिना जस्तो बलियो टिमलाई साउदीले पाँच मिनेटमा फरकमा दुई गोल गर्नु अप्रत्याशित नतिजा थियो । खेलको ४९ औं मिनेटमा साउदीका सालेह अल शेहरीले गोल गर्दै खेल बराबरीमा ल्याए । साउदीका लागि सालेम अल दावसारीले ५४ औं मिनेटमा दोस्रो अर्थात निर्णायक गोल गरे । अर्जेन्टिनाविरुद्ध २-१ गोलको अवस्थामा पुगेपछि साउदीले डिफेन्स लाइनलाई बलियो बनाएको थियो । अर्जेन्टिनाले आधा दर्जन प्रहार गरेपनि गोल हुन सकेन् ।

खेलमा अर्जेन्टिनाले गरेको तीन गोल अफसाइड भएको थियो । २८ औं मिनेटमा लाउटारो मार्टिनेजले गरेको गोल भिएआरले अफसाइड देखाएपछि अर्जेन्टिनाले अग्रता दोब्बर बनाउनबाट चुक्यो । अर्जेन्टिनाका केही प्रहारलाई साउदी गोलकिपर मोहम्मेद खालिल अल ओवाइसले उत्कृष्ट बचाउ गरे । पहिलो खेलमै पराजित बनेको अर्जेन्टिनालाई विश्वकपको थप यात्रा कठिन हुने देखिएको छ । अर्जेन्टिनाले अब नकआउट चरण पुग्न बाँकी दुई खेल जित्नैपर्ने दबाब बढेको हो । अर्जेन्टिनाले अब मेक्सिको र पोल्याण्डसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । विश्व फुटबलको काउनडाउनमा साउदी भन्दा मेक्सिको र पोल्याण्ड अगाडि नै छन् । अर्जेन्टिनालाई आगामी दुई खेल जित्न सहज भने हुने छैन् ।

साउदीको जितपछि फ्रेन्च प्रशिक्षक हर्भ रेनार्डको प्रशंसा सुरु भएको छ । रेनार्डको प्रशिक्षणमा विश्कपमा छनौट भएको साउदीलाई पहिलो खेलमै अविश्वसनीय जित निकाल्न सकेको भन्दै उनको चर्चा भएको हो । रेनार्डको रेकर्ड पनि चानचुने भने छैन् । रेनार्डले सन् २०१२ मा जाम्बियालाई अफ्रिका कप अफ नेसन्स च्याम्पियन बनाएर वाहीवाही कमाएका थिए । उनले सन् २०१५ मा आइभरी कोस्टलाई पनि अफ्रिकी च्याम्पियन बनाए । रेनार्डले सन् २०१८ मा मोरक्कोको नेतृत्व गरेका थिए । उनले विश्वकपमा साना टिमहरु अप्रत्यासित नतिजामा निर्भर हुन्छन् भन्ने प्रतिक्रिया खेलअघि दिएका थिए । उनले जसो भने साउदीले खेलमा त्यस्तै देखायो ।

# कैलाशको एउटा वडामा चार वर्षसम्म पनि पुगेन बिजुली



साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/कैलाश गाउँपालिका जिल्लाको विकट क्षेत्र हो । कैलाश पुग्न भीमफेदी गाउँपालिकाको बाघमारा नजिक र मनहरी बजारबाट जान सकिन्छ ।

राक्सिराङ गाउँपालिकाबाट नजिकै रहेको कैलाशको ४ नम्बर वडामा बिजुली पुर्‍याउन चार वर्ष अघि २०७५ सालमा पोल गाडिएको थियो । तर, हालसम्म पनि ४ नम्बर वडामा बिजुली पुग्न नसकेको हो । तामाङ र चेपाङ समुदायको बाक्लो बसोबास रहेको कैलाशको ४ नम्बर वडाबासी बत्ति मुनीको अँध्यारोमा बस्न बाध्य भएका हुन् । घर अगाडि विद्युतको पोल ठडिए पनि उनीहरुको घरमा बिजुली बल्न नसकेको हो । उक्त वडामा करेन्टबिनाको विद्युत लाइन विस्तार भएको छ । तर, तारमा करेन्ट भने छैन् ।

वडाबासीहरु बिजुलीको पर्खाइमा ४ वर्षदेखि रहेका हुन् । कैलाशमा दुई वटा गाउँ सरकार बनिसक्दा पनि उनीहरुले घरमा उज्यालो हुन सकेन् । नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र हेटौंडाले आर्थिक वर्ष २०७५/०७६ मै पोल वितरण गरेको थियो । ४ नम्बर वडा भएर जानुपर्ने वडा नम्बर ३ मा बिजुली भने बलिसकेको छ । विद्युत प्राधिकरण वितरण केन्द्र हेटौंडाले निर्माण कम्पनीमार्फत पोल पुर्‍याए पनि समयमै काम नहुँदा जनता अँध्यारोमै बस्न बाध्य भएका हुन् । वरिपरिका वडामा बिजुली बलिरहँदा ४ नम्बर वडाबासी अँध्यारोमै रात बिताउन बाध्य भएका हुन् ।

वडा अध्यक्ष तिलक मोक्तानले ३ नम्बरमा गाउँपालिकाले नै टेन्डर गरेकाले चाँडै बिजुली बलेको बताए । 'वर्षाका कारण बाटोको समस्याले सामान ल्याउनसमेत असजिलो भएकाले काम हुन नसकेको हुन सक्छ,' उनले भने । गाडिएको पोलमा तार टाँग्ने काम सकिएकाले ट्रान्समिटर राखिसकेपछि विद्युत प्रवाह गर्न सकिने आफूले जानकारी पाएको बताए । विद्युत लाइनको ठेका लिएका ठेकेदार सैलेश श्रेष्ठले दशैं अगाडि नै बत्ती आउने बताए पनि निर्वाचन सकिने बेलासम्म पनि विद्युतको काम नसकिँदा स्थानीय बासिन्दा चिन्तित भएका छन् । सरकारी ढिलासुस्तीका कारण काम समयमै हुन नसकेको स्थानीयको आरोप छ । गाउँपालिका अध्यक्ष तथा अन्य स्थानीय जनप्रतिनिधिहरुले पनि यस विषयमा कुनै चासो नदेखाएको स्थानीयको भनाइ छ ।

वर्षा सकिएको लामो भइसक्दा पनि अझै बाटोको मर्मत हुन नसकेको हो । जसले गर्दा काम समयमै सम्पन्न हुन नसकेको बताइन्छ । ठेकेदार पक्षले काममा लापरबाही गर्ने गरेको स्थानीयहरुले आरोप लगाए । बिजुली चाँडो ल्याउन जनप्रतिनिधिहरुले प्रभावकारी भूमिका नखेलेको स्थानीयले बताएका छन् । कैलाश-४ मा नगदे बाली धेरै हुने गरेको छ । यस वडामा सुन्तला खेती हुने गरेको छ । धेरै स्थानीय बासिन्दाको आयाआर्जनको मुख्य स्रोत सुन्तला खेती रहेको छ ।

# बागमतीमा मुख्यमन्त्रीका दाबेदार श्रेष्ठ पराजित



साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/ बागमती प्रदेशका निवर्तमान सभामुख तथा मुख्यमन्त्रीका दाबेदारसमेत रहेका नेकपा एमालेका उम्मेदवार सानुकुमार श्रेष्ठ पराजित भएका छन् ।

श्रेष्ठ काठमाडौं क्षेत्र नम्बर २ अन्तर्गत प्रदेशसभा (क)मा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का उम्मेदवारसँग पराजित भएका हुन् । उनलाई राप्रपाका सुनिल केसीले १ हजार ५ सय १९ मतले पराजित गरेका हुन् । केसीले ६ हजार ५ सय ९८ मत ल्याउँदा श्रेष्ठले ५ हजार ७९ मत मात्रै पाएका थिए । श्रेष्ठले आफूलाई बागमतीको मुख्यमन्त्रीको दाबेदारको रुपमा प्रस्तुत गरेर निर्वाचनमा होमिएका थिए । नेकपा एमालेबाट प्रदेशसभा निर्वाचन लडेकामध्ये श्रेष्ठ हेभिवेट उम्मेदवार थिए । एमालेभित्र ओली निकट मानिएका श्रेष्ठ मुख्यमन्त्रीका प्रमुख दाबेदार थिए ।

साझाकुरा पत्रिकासँग केही दिनअघि कुराकानीको क्रममा आफू मुख्यमन्त्रीको दाबेदार भएको दाबी गरेका थिए । तर, उनले राप्रपासँग पराजय भोगे । २०७४ को निर्वाचनमा श्रेष्ठले । श्रेष्ठ २०५४ सालमा जिल्ला विकास समिति काठमाडौंको सभापतिसमेत भएका थिए ।

## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः

९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरूः**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

### प्रतिनिधिसभा प्रदेशसभा निर्वाचन-२०७९

# मत बाँडियो, मन नभाँडियोस्

निर्वाचन भनेको आफूले चाहेका प्रतिनिधि र पार्टी चुनेर पठाउने प्रक्रिया हो । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा प्रवेश गरेसँगै यो दोस्रो निर्वाचन हो । २०७२ सालमा संविधान जारी भएपछि पहिलोपटन २०७४ सालमा निर्वाचन भयो । जसमा स्थानीय तह, प्रदेश तह र संघीय तह गरी तीन तहको सरकार निर्माण भयो । उक्त सरकारको समयावधि पाँच वर्ष सकिएपछि पुन: गत वैशाख ३० गते स्थानीय तहको निर्वाचन सम्पन्न भयो । अब प्रदेश र प्रतिनिधिसभाको निर्वाचन कार्यक्रमअन्तर्गत् मतदान भएर मत गणना हुँदैछ । मत गणना जारी रहँदा मतदाताहरु आ-आफूले मतदान गरेका उम्मेदबार वा पार्टीले जित्ने हो वा होइन भन्ने चिन्ताका साथ मतगणनाको नतिजा सुन्न आतुर देखिन्छन् ।

मकवानपुर जिल्लाको मतगणना हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा भइरहेको छ । विभिन्न पार्टी र स्वतन्त्र उम्मेदवारका समर्थकहरु मत परिणाम सुन्न यतिखेर सिद्धार्थ माविको मुलगेट वरपर बसिरहेका छन् । यस २०७९ को प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर जिल्लामा गठबन्धनको रुपमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टी एक भएर चुनावी मैदानमा छन् भने नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाललगायत दलका उम्मेदवारसंग तालमेलमा चुनावी मैदानमा छ । यससंगै राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत पार्टीहरु र केही स्वतन्त्र उम्मेदवारहरु चुनावी मैदानमा छन् । मतगणना जारी रहँदा गठबन्धन र नेकपा एमालेबीच कडा प्रतिस्पर्धा देखिएको छ भने गठनपश्चात् पहिलोपटक चुनावी मैदानमा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाव चिन्ह घण्टीमा पनि जनताले मतदान उत्साहजनक तरिकाले गरेको पाइएको छ । अन्य स्वतन्त्र पार्टीको पनि उपस्थिति देखिएको छ ।

चुनाव, लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण तत्व हो । सबै जनताले आफूलाई मनलागेको पार्टी र नेतालाई मतदान गर्न पाउने स्वतन्त्र व्यवस्था नै लोकतन्त्र हो । विगतमा सुरक्षा घेराभित्र भएको मतदान पनि हामीले देख्यौं । अहिलेको उत्साहजनक मतदान पनि हामीले देख्यौं । जनताले रोजेर ल्याएको व्यवस्था हो, संघीय लोकतान्त्रिक गणतन्त्र । गणतन्त्रमा सबैले आफ्नो गोप्य मतदान गरेका हुन्छन् । हरेक मतदान, व्यक्तिको सिद्धान्त, बिचार र उम्मेदबारको योग्यता क्षमताको आधारमा आफ्नो क्षेत्र र देशको विकासका खातिर गरिएका हुन्छन् । त्यो मतदान गर्दाको बखतसम्ममात्र सीमित हुन्छ । जब उम्मेदवारमध्ये एउटाले बिजय हासिल गर्दछ, त्यसपछि त्यसको विषय विस्तारै सेलाउँछ । तर, कुनै पार्टीमा लागेको भरमा, कुनै नेतालाई मतदान गरेको भरमा हाम्रो समाजमा लामो समयसम्म छर छिमेक, टोलबासी, आफन्तजनमा मनमुटाव भएको पनि देखिन्छ । तर, त्यस्तो कदापि गर्नु हुन्न । मतदानको अवस्थामा मत बाँडियो होला तर, मन कहिल्यै पनि भाँडिनुहुन्नँ । यसतर्फ सबैले ध्यान दिँदै देश विकासको काममा सक्रिय हुनु जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ८ गते बिहीबार २४ नोभेम्बर २०२२ । मंसिर प्रतिपदामार्ग शुक्लपक्ष । थिंलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:३३, सूर्यास्त ५:७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मन खिन्न हुन सक्नेछ | **तुला** | : नयाँ कार्ययोजना बन्नेछ |
| **वृष** | : व्यापार व्यवसायबाट लाभ हुनेछ | **वृश्चिक** | : आकस्मिक लाभ हुनेछ |
| **मिथुन** | : राजनीतिमा सफलता मिल्नेछ | **धनु** | : राम्रो अवसर गुम्नेछ |
| **कर्कट** | : काममा विलम्ब हुनेछ | **मकर** | : खर्च र दु:ख बढ्नेछ |
| **सिंह** | : मनोकांक्षा सिद्धि हुनेछ | **कुम्भ** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **कन्या** | : गरेको कार्यमा सफलता मिल्नेछ | **मीन** | : योजना कार्यान्वयन हुनेछ |

# राजनीतिमा नयाँ के हो, नयाँ को हो ?



टेकनारायण पाण्डे



***समसामयिक तथा विश्वव्यापी चुनौतीलाई सामना गरी देशलाई आत्मनिर्भरताको बाटोमा नेतृत्व प्रदान गर्न सक्ने प्लेमेकर वा चेन्ज मेकर अथवा गेम चेन्जर नेतृत्वको खोजी नै राजनीतिमा सबैबाट खोजिएको नयाँ हो। लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो, राजनीतिक दलको विकल्प सुधार सहितका राजनीतिक दल नै हुन्।***

जब पार्टीहरूका महाधिवेशन वा देशमा विभिन्न तहका निर्वाचनको सन्दर्भ चल्न थाल्छ, त्यतिबेला नयाँको खोजी र बहस चल्न थाल्छ । नयाँ हुनका लागि आधारभूत विशेषता, लक्षण वा योग्यता के हुन सक्छन् ? प्रचलित कानुनले तोकेको योग्यता वा अयोग्यता भन्दा बाहिर गएर निर्वाचनको समयमा सामाजिक सञ्जाल वा अन्य माध्यमबाट खोजिएको नयाँले वास्तविक नयाँ रुपान्तरण सम्भव हुन्छ वा हुँदैन ? त्यसका लागि अब निर्वाचनको नतिजालगत्तै बृहत् बहस गरी नयाँ रुपान्तरण खोज्ने नै हो भने वर्तमान संविधान र प्रचलित कानुनमै समसामयिक सुधार तथा संशोधनको खोजी अनिवार्य देखिन्छ ।

राजनीतिमा नयाँ के हो? नयाँ उमेर हो वा योग्यता, के हो ? राजनीतिक अनुभव हो वा पारिवारिक विरासत ? आर्थिक पृष्ठभूमि हो या सामाजिक भूमिका के हो ? वा पेशागत तथा व्यावसायिक योग्यता के हो ? वा स्वच्छ चरित्र र सुशासनप्रतिको प्रतिबद्धता के हो ? वा अन्य पेशा वा व्यावसायिक क्षेत्रको अनुभवसहितको राजनीतिमा आगमन हो ? जुन वर्तमान राजनीतिक वृत्तमा छैन र नयाँबाट हामीले त्यसको परिपूर्ति गर्न खोजिरहेका छौं ।

नो नट अगेन अभियानले परम्परागत राजनीतिमा नयाँ तरंग सिर्जना गरेको छ । यस अभियानको बकपत्र हेर्दा यसले केही अपेक्षा गरेको छ । जस्तो, राजनीति पारिवारिक विरासतको रूपमा नरहोस्, राजनीतिले नयाँ बुर्जुवा वर्गको सिर्जना नगरोस् । राजनीतिमा संलग्नहरू विभिन्न हत्कण्डा अपनाएर आजीवन राजनीतिमा टिकिरहने अवस्था नबनोस् ।

जनता सधैं शासित र नयाँ स्वरूपका प्रजाको रूपमा नरहून् भनी राजनीतिलाई शुद्धीकरण गर्न सचेतनाको आवाजको रूपमा यो अभियानलाई लिनुपर्ने हुन्छ । अब यो अभियानलाई फेसबुके वा सामाजिक संजालमा फैलाउन खोजिएको अफवाहको रूपमा मात्रै लिनुहुँदैन । यो नागरिकले शासकीय प्रणाली र आफ्नो जनजीविकाका लागि उठाएको नयाँ आन्दोलन हो । राजनीतिक दलले यो अभियानले खोजी गरेका नयाँ विषयलाई अंगीकार गरी सुधार गर्न नसके आफूलाई इतिहास बनाउने अवस्था आउन सक्छ ।

प्रजातान्त्रिक वा लोकतान्त्रिक अभ्यास हामीले सिक्दैछौं भन्ने छुट अब हामीलाई छैन । पञ्चायतको अन्त्यपछि तीनवटा र जनआन्दोलन र गणतन्त्रको स्थापनापश्चात् दुईवटा संविधान हामीले भोगिसक्यौं । ती संविधान लेख्ने नेता र राजनीतिक शक्तिले अब एकअर्कामा दोषारोपण गर्ने, संविधानको रक्षा र लोकतन्त्रको संस्थागत विकास गर्न तथा जनजीविकाको रक्षाका लागि अझ एकपटक मौका दिनुस् भन्ने नैतिक अधिकार बाँकी रहन्छ जस्तो लाग्दैन । संविधान अनुरूपको सामाजिक, आर्थिक व्यवस्था कायम गर्न नसके पनि सत्तामा बसेका दल र तिनका नेतृत्वको विकल्पको खोजी नै मतदाताले खोजेको नयाँपन हो । यदि स्थापित पार्टीहरूले नागरिकको अपेक्षा अनुरूपको नयाँ दिन नसक्ने हो भने बाहिरबाट नयाँ अभियान सुरु हुने अवस्थाको रूपमा बुझ्नुपर्ने हुन्छ । नयाँको आवाज उठ्दै र नयाँको खोजी हुँदै गर्दा समसामयिक राजनीतिमा नयाँपन ल्याउनका लागि र रूपान्तरण प्रदान गर्न केही उपाय अवलम्बन गर्न सकिन्छ ।

***नेतृत्वमा नयाँपन***

संकटजन्य अवस्थामा वा राष्ट्रको समृद्धिको चरणमा देशले वृद्ध वा निरङ्कुश नेतृत्वलाई पनि स्वीकार्ने अवस्था हुन्छ वा त्यस्तो अवस्थामा नेतृत्वको निरन्तरता पनि स्वाभाविक मानिन्छ । मलेसियामा महाथिर मोहम्मद, सिंगापुरमा लिक्वान यू वा चीनमा सी जिंग पिंग नेतृत्वको लागि उमेर वा निरन्तरताले समेत जनतामा निराशा पैदा गरेन ।

हाम्रो सन्दर्भमा आन्दोलनको चरणमा पनि र आन्दोलनको सफलतापश्चात् पनि उही नेतृत्वको निरन्तरता रहने परिस्थितिले जनताले नयाँपनको अनुभव गर्न पाएनन् । यही पृष्ठभूमिमा नयाँको आवाज मुखरित हुन पुगेको देखिन्छ । अर्को महत्वपूर्ण पक्ष, हाम्रो राजनीतिक अभ्यासमा पार्टीको नेतृत्वमा नपुगी संसदीय दल र सरकार को नेतृत्वको अवसर प्राप्त नहुने र पार्टीको नेतृत्वमा पुग्न नै ६० वर्षमा पनि सम्भव नहुने अवस्थाले पार्टी प्रणालीमा खुला प्रवेशबाट नेतृत्व विकासको अवसर नहुँदासम्म भिजनरी नेतृत्व विकासको सम्भावना न्यून देखिन्छ ।अमेरिका र बेलायतको नेतृत्व छनोटको प्रक्रियाबाट सिकेर तदनुरूप अभ्यास अवलम्बन नगर्दासम्म नेतृत्वले आफ्ना नजिकका, आफ्ना गुटका, अफ्नो विचारसँग फरक मत नराख्ने र आफू आर्यघाटबाट अन्तिम सम्मान खाएर विदा भएपछि मात्र नेतृत्व हस्तान्तरणको सुविधा खोज्ने अवस्थाले नयाँपनको अनुभूति धेरैटाढा छ । तसर्थ, अमेरिकी र बेलायती नेतृत्व विकास र छनोटको अभ्यास र कम्तीमा पनि भारतीय जनता पार्टीले अवलम्बन गरेजस्तै ७५ वर्ष माथि पुगेपछि कार्यकारी भूमिकामा नरहने पद्धतिको अवलम्बन पनि सुरुवाती चरणमा नयाँ हुनसक्छ ।

***पुस्ता सन्निकटता वा जेनेरेशन निकटता***

शिक्षण सिकाइमा होस् वा सामाजिक अन्तरक्रिया वा सामाजिकीकरणको प्रक्रियामा वा राजनीतिक प्रक्रियामा, व्यक्तिले आफ्नो पुस्ता वा अफ्नो सन्निकटताको पुस्ताको खोजी गर्दछ । नजिकको पुस्तासँग व्यक्तिको भावनात्मक सम्बन्ध बलियो देखिन्छ । जेनेरेशन निकटताबाट जोडिएनन् भने युवाहरू राजनीतिबाट अलग हुँदै जान्छन् र फरक धार वा समूहमा आबद्धता बढ्दै जान्छ । पार्टीहरूले युवाको आवाजलाई बुझ्न सकेनन् र सुन्नका लागि कुनै पनि प्रकार को प्लेटफर्म उपलब्ध गराएनन भने बुवा वा आमा कुनै राजनीतिक विचारधारा बोक्थ्यो वा कुनै राजनीतिक दलको सदस्य थियो भन्दैमा नयाँ पुस्ता त्यही विचार र दललाई स्वीकार गर्दछ भन्ने परिवेश पूर्णत: परिवर्तन भएको छ । नयाँ पुस्ताले पुराना नेताका राजनीतिक जीवनका योगदानका भाषणलाई कथा र हास्यव्यङ्ग्यको रूपमा लिन थालेको अवस्था छ ।

नेतृत्वले नयाँ दृष्टिकोण र परिवर्तन के ल्याउन सक्छ भनी नयाँ पुस्ताले नयाँ अपेक्षा गरेको हुन्छ ।तसर्थ, पार्टीहरूले राजनीतिक दलमा वा संसद र सरकारमा नयाँ पुस्ताको चाहना अनुरूपको नेतृत्वलाई अवसर प्रदान नगर्ने हो भने परम्परागत पार्टीको छाताबाट युवाहरूको विचलन निश्चित छ र युवाहरू वितृष्णाको कारण परम्परागत राजनीतिक अभ्यासबाट बाहिर गएपछि युवाकै अगुवाइमा वैकल्पिक राजनीतिक शक्तिको उदय अनिवार्य छ । पार्टीमा युवा विद्रोहको अवस्था आयो भने यसले स्थापित राजनीतिक अभ्यासलाई पनि अनपेक्षित दिशामा डोर्याउन सक्छ ।

***साइबर जेनेरेशनका अपेक्षा र आकांक्षाको सम्बोधन***

सन् २००० को आसपासमा जन्मिएका मिलेनियल्ज पुस्ता वा सन् १९९० पछि जन्मिएका जेड जेनेरेशन अहिलेका युवा जनशक्ति हुन्, यिनको जनसंख्यामा मूल हिस्सा छ र मतदाताको हिसाबले यिनले निर्वाचनमा ठूलो प्रभाव पार्दछन् । यी पुस्ता प्रविधिमा आधारित संचारमा अभ्यस्त हुन्छन् र यिनको देशभित्र मात्र नभएर विश्वव्यापी भर्चुअल संजाल रहेको हुन्छ ।

भर्चुअल माध्यमबाट यिनीहरू तुरुन्त सामाजिक रूपमा सन्देश प्रवाह गर्छन्, तुरुन्त संगठित हुन्छन् र तुरुन्त कुनै विषयमा पक्ष वा विपक्षमा मत जाहेर गरेर कुनै विषयलाई स्थापित गर्ने वा रोक्ने काम गर्दछन् । तसर्थ, आर्टिफिसियल इन्टेलिजेन्स वा कृत्रिम बौद्धिकतामा आधारित अबको पुस्तालाई राजनीतिले मूल धारमा डोर्याउन सकेन वा ती पुस्ताको चासो र सरोकारलाई राजनीतिले सम्बोधन गर्न सकेन भने राजनीतिक परिदृश्य अनपेक्षित रूपमा परिवर्तन हुन सक्छ । ट्युनिशियालगायतको पछिल्लो राजनीतिक परिवर्तनबाट सिकाइ हासिल गरी साइबर जेनेरेशनको राजनीतिमा सहभागिता र तिनको आवाजको सम्बोधन सबल राजनीतिक व्यवस्थाका लागि अनिवार्य छ ।

***दलभन्दा मुद्दा वा एजेन्डा प्रधान***

दल वा पार्टीको सदस्य बनाएर युवा पुस्तालाई आजीवन उही विचारधारामा अड्याउने अवस्था अब रहँदैन, त्यसका लागि पार्टीको गतिशीलता अत्यन्त महत्वपूर्ण छ । नेपाली राजनीतिमा सर्वाधिक सुनिएका राष्ट्रियता, लोकतन्त्र, समाजवाद, जनजीविका, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद विरुद्धको आन्दोलन अब पुराना र पट्यारलाग्दा नारा र आदर्श भइसके ।मूलभूत आन्दोलनपश्चात् आन्दोलनको मूल एजेण्डाको नेतृत्व गर्ने दलहरूले सत्ता र शक्तिको प्राप्ति गरिसके । संविधान बनाएपछि स्थिर सरकारको नारा पनि एकपटक बिक्री भैसक्यो । अबका युवापुस्ता संविधानको कार्यान्वयन वा संविधानको संस्थागत विकास वा स्थिर सरकारलगायतका नारामा कुनै आकर्षण देख्दैनन् । शिक्षा, स्वास्थ्य र रोजगारीका लागि विदेशिनुपर्ने अवस्थाको अन्त्य, २०-२५ प्रतिशत युवाशक्ति रोजगारीका लागि विदेशमा रहेका छन्, तिनको राजनीतिक सहभागिताको प्रश्न, रेमिटेन्सको सामाजिक, सांस्कृतिक मूल्यको प्रश्न, जन्मदेखि मृत्युपर्यन्त राज्यको संरक्षणको आभास र प्रत्याभूतिलगायतका मुद्दाहरू सम्बोधनको आश्वस्तता युवाको खोजी रहेको छ ।

जलवायु परिवर्तनको असर न्यूनीकरण र परम्परागत वस्तीहरूको दिगो व्यवस्थापन, जनसंख्याको बसाइसराइको प्रभावले गाउँहरू जंगलमा परिणत हुने र वन्यजन्तुको अतिक्रमणको अवस्थाबाट गाउँ र जनता तथा उत्पादन जोगाउने, व्यवस्थित शहरीकरण तथा एकीकृत वस्ती विकास, औद्योगिक वातावरण, लगानीमैत्री अवस्था र रोजगारी सिर्जना, भूमिको वैज्ञानिक उपयोग र व्यावसायिक खेती तथा सहकारी प्रणालीको विकासलगायतका मुद्दामा राजनीतिक दलको दृष्टिकोण युवाको खोजी हो र ती मुद्दामा नयाँको खोजी भएको छ ।

***ग्रामीण तथा पूर्वाधार विकास***

जनताको शेयर, विकासको लहर हुने गरी स्थानीय स्रोत तथा साधनको परिचालन गरी गाउँमा आर्जन, गाउँमा रोजगारी समेतका आधारमा गाउँ बचाउ अभियान अबको महत्वपूर्ण विकासको क्षेत्र बन्न गएको छ । पर्यापर्यटन, साहसिक पर्यटन, नदीनालाहरू थुनेर तालतलैया विकास, जलविद्युत, सिंचाइ तथा खानेपानी पूर्वाधारको विकास, पूर्वपश्चिम तथा उत्तर दक्षिण रेल्वे यातायात र नदी करिडोरमा आधारित यातायात संजालीकरण लगायतका पूर्वाधार विकासबाट ग्रामीण बस्तीहरूलाई स्थायी बनाउन तथा जीवनयापनलाई उन्नत बनाउन सकिन्छ, यस्तै विकासको अगुवाइ र निरन्तरता नै राजनीतिबाट खोजिएको नयाँपन हो ।

***अर्थतन्त्रको सबलता***

सबल अर्थतन्त्र निर्माणको लागि स्थानीय वर्धन तथा आत्मनिर्भर अर्थतन्त्र विकास गरी आयात निर्यातको सन्तुलन तथा आयात प्रतिस्थापन र निर्यातबाट राजस्वको प्राप्ति बढाउने, वैदेशिक मुद्राको संचिति बढाउने लगायत जीवन्त अर्थतन्त्र बनाउनु अहिलेको चुनौतीको सामना नयाँ र सर्वकालिक माग हो । अनौपचारिक क्षेत्रमा रहेको स्रोतसाधन माथि नियन्त्रण, दलाली तथा मध्यस्थताको अन्त्य, जनता माथि प्रतिव्यक्ति ऋणको भारलाई घटाउने, प्रतिव्यक्ति आम्दानी बढाउने, जीवनस्तर र गरिबीको अवस्थामा सुधार राजनीतिक क्षेत्रबाट गरिएका नयाँ अपेक्षा हुन् । डिजिटल पेमेन्टको व्यवस्था गरी अनौपचारिक क्षेत्रमा स्रोत र पूँजीमाथि हुने नियन्त्रणबाट औपचारिक अर्थतन्त्रको सुदृढीकरण गरी सुशासनको प्रवर्धन राजनीतिबाट अपेक्षित नयाँ कुरा हो ।

***सार्वजनिक सुरक्षा र अपराध नियन्त्रण***

समाजमा आत्महत्या, दुर्घटना, लागूऔषध, बलात्कार, यौनजन्य दुर्व्यवहार र चोरी तस्करी लगायत सार्वजनिक सुरक्षाका चुनौती बढ्दो छन् । साथै अपराधका आधुनिक शैली र प्रवृत्तिले थप सुरक्षा चुनौती सृजना गरेको छ । सुरक्षा निकायलाई व्यावसायिक र सुदृढ बनाई आधुनिक प्रविधि र उपकरणले परिचालित गराई समाजमा शान्तिसुरक्षा र अपराध नियन्त्रणमा नयाँपन अहिलेको नागरिकको खोजी बनेको छ ।

***सार्वजनिक क्षेत्रमा राजनीतिक असंलग्नता***

सार्वजनिक क्षेत्र अत्यधिक राजनीतीकरणले थलिएका छन्, चाहे सरकारी निकायहरू हुन् वा विश्वविद्यालय, अन्य शैक्षिक संस्थाहरू, उद्योग, व्यवसायलगायतका क्षेत्रमा पार्टी पिच्छेका ट्रेड यूनियनका नाममा सेवा तथा उत्पादनमा प्रतिकूल अवस्थाको सृजना भएको छ । सार्वजनिक सेवा क्षेत्र, उद्योग प्रतिष्ठान र व्यवसायमा ट्रेड यूनियनका नाममा हुने राजनीतिक गतिविधिको अन्त्य गरी ट्रेड यूनियन अधिकारलाई नियन्त्रित दायरामा ल्याउनु सेवा र उत्पादकत्व वृद्धिको लागि नयाँ चुनौती बनेको छ ।

***नागरिकको सार्वभौमसत्ताको प्रत्याभूति***

सबै जनतालाई पार्टीको सदस्यता भिराउने प्रतिस्पर्धाले पार्टी सदस्यका नाममा राजनीतिक दासत्व र सार्वभौमसत्ताको अपहरण भएको छ । स्वतन्त्र नागरिकको हैसियतमा तटस्थ बस्न पाउने र सार्वजनिक सरोकार वा राजनीतिक मुद्दामा निष्पक्ष र स्वतन्त्र अभिमत व्यक्त गर्न पाउने नागरिक अधिकारका लागि राजनीतिक दलहरू नै अवरोधकका रूपमा रहेका छन् ।नेपालमा उमेर पुगेका जतिलाई पार्टीको सदस्य बनाउने होडबाजीले स्वतन्त्र नागरिकको रूपमा कम मात्र जनता छन् जस्तो लाग्दछ । जनतालाई पार्टीको सदस्य बनाएर अन्धो बनाएपछि उनीहरू नागरिकको रूपमा सार्वभौमसत्ता सम्पन्न कसरी रहन्छन् ? जनतालाई सार्वभौम बनाउन पार्टीको सदस्यता र दासत्वबाट मुक्त गर्नुपर्छ । पार्टीको दासत्वबाट मुक्त सार्वभौम जनताबाट अभिव्यक्त मतले मात्र नयाँको खोजी गर्न र नयाँ रुपान्तरण ल्याउन सक्छ ।

***राजनीतिलाई सेवाको रूपमा विकास गर्ने***

राजनीति पेशाविहीनहरूको पेशा भयो । यसको शुद्धीकरणका लागि विना पेशाको मान्छेलाई राजनीतिमा प्रवेश नदिने, पार्टीका तहगत संरचना र राजनीतिक लाभको पदमा तहगत रूपमा बढीमा दुई पटकभन्दा बढी रहन नपाउने व्यवस्था गर्ने, स्थानीय तहको निर्वाचन दलविहीन वा स्वतन्त्र आधारमा गर्ने, प्रतिनिधिसभाको समानुपातिक प्रणाली हटाउने र राष्ट्रिय सभामा सदस्य संख्या केही बढाएर समावेशिता बढाउने, प्रदेश सभाको समानुपातिक तर्फको संख्या घटाउने, पेशाविद्हरूबाट सरकारका मन्त्रीहरू छनोट तथा नियुक्ति गर्नेलगायतका नीतिगत सुधारले राजनीतिमा खोजिएको नयाँपन दिन सक्छ ।

नयाँ भनेको युवा आवाज हो । युवाको चाहना र युवाकै भविष्य अनुकूलको शासन र सरकार हो । जसले युवालाई काम, श्रम, शिक्षा वा अन्य कुनै पनि बहानामा विदेश पठाएर रेमिटेन्स वा अन्य प्राप्तिमा सन्तोष नमानोस् । देशभित्रै रोजगारी, काम र आर्जनको अवसर प्रदान गरोस्, नागरिक अधिकारलाई जनजीवनमा रुपान्तरण गरोस् ।जनता र राजनीतिकर्मी तथा नागरिक र नेताका बीच सृजित अलग वर्गीय स्वरूपका कारण राजनीतिमा संलग्नता भइसकेपछि राजनीतिकर्मी आफूलाई आजीवन राजनीतिमा टिकाउन चाहन्छ र जनताको रूपमा फर्किन चाहँदैन, जसले गर्दा राजनीतिले व्यवसायको रूप लिनुका साथै समाजमा नयाँ वर्गीय विभाजन ल्याएको छ । राजनीतिकर्मी र जनता तथा नागरिकबीचको सेवासुविधा र वर्गीय विभाजनलाई मेट्नु राजनीतिमा खोजिएको नयाँपन हो ।

***जनताको धैर्यको विस्फोट***

तीन तीनवटा संविधान बन्दा पनि नागरिकले दलहरूलाई सधैं साथ दिएका छन्, तर संविधानपश्चात् जनताको आजीविकाले फड्को मार्छ भन्ने जुन आश्वासन र अपेक्षा थियो, त्यसमा राजनीतिक दलहरू असफलताको नजिक नै पुगेका छन् । प्रणाली र व्यवस्थामा पार्टीको नियन्त्रणले ग्रहण लागेजस्तै सन्नाटा छाएको छ, त्यसको आक्रोशको विस्फोट अप्रत्यासित र अनपेक्षित रूपमा प्रकट भएको छ । ३० वर्षको पञ्चायतलाई गरेको दोषारोपणको सम्झना गर्नुपर्ने अवस्था अब आएको छ किनकि पञ्चायतपश्चात्का तीन दशकमा लोकतान्त्रिक अभ्यास हिंडिरहेको छ ।

समयले हुने अनिवार्य र बाध्यात्मक विकास बाहेक पछिल्लो तीस वर्षको अवधिमा नवप्रवर्तनात्मक विकास के भयो? त्यसको जवाफ अहिलेका नागरिक तथा मतदाताको माग हो । पुरानो ३० वर्षभन्दा नयाँ ३० वर्ष कुन आधारमा उचित वा अनुचित भयो वा पुरानो ३० वर्षको ठिक त्यही अवस्था अहिले आएको त हैन ? नागरिकले खोजेको जवाफ पाउनु नगारिक अधिकार हो र जवाफ दिनु राजनीतिक दलको दायित्व पनि । जनताले सधैं सुन्नु मात्र पर्ने, सुनाउन नपाउने र सुनाएको कुराको जवाफ पनि नपाउने अवस्थामा प्रणाली र व्यवस्थाप्रति नै विद्रोह हुनसक्ने कुरालाई जिम्मेवार राजनीतिक दलहरूले समयमै ध्यान पुर्‍याउनुपर्दछ ।

***नयाँ के र कसरी ?***

अबको समय कसको लागि हो, अब देश बन्दा वा नबन्दा त्यसबाट सबभन्दा बढी कसलाई प्रभाव पर्दछ, अब पनि नागरिकले संविधान र कानुनले प्रत्याभूत गरेका अधिकार उपभोग गर्न नपाउँदा कसलाई दोषारोपण गर्दछन् लगायतका विषयलाई केन्द्रमा राखेर राजनीतिक गति र दिशा तय हुनुपर्दछ । समयको प्रवाह र विश्वव्यापी चुनौतीको सामना गर्न सक्ने राजनीतिक शक्ति र नेतृत्व स्थापित नहुने र नगर्ने हो भने युवा विद्रोहबाट सत्ता र व्यवस्थाका विरुद्ध नै आवाज र आन्दोलन नहोला भन्न सकिंदैन ।नयाँ भनेको युवा आवाज हो । युवाको चाहना र युवाकै भविष्य अनुकूलको शासन र सरकार हो । जसले युवालाई काम, श्रम, शिक्षा वा अन्य कुनै पनि बहानामा विदेश पठाएर रेमिटेन्स वा अन्य प्राप्तिमा सन्तोष नमानोस् । देशभित्रै रोजगारी, काम र आर्जनको अवसर प्रदान गरोस्, नागरिक अधिकारलाई जनजीवनमा रुपान्तरण गरोस् । देशको अर्थतन्त्र आत्मनिर्भर र सम्पन्न बनोस्, देशमा असल प्रणालीको विकाससहित सुशासन वृद्धिबाट स्वाभिमान स्थापित हुनसकोस्, राजनीति व्यवसायको सट्टा सेवाको रूपमा स्थापित होस् लगायतको परिवर्तन र सुधारको अपेक्षा राजनीतिमा खोजिएको नयाँपन हो ।

माथि प्रस्तुत विषय र अन्य समसामयिक तथा विश्वव्यापी चुनौतीलाई सामना गरी देशलाई आत्मनिर्भरताको बाटोमा नेतृत्व प्रदान गर्नसक्ने प्लेमेकर वा चेन्ज मेकर वा गेम चेन्जर नेतृत्वको खोजी नै राजनीतिमा सबैबाट खोजिएको नयाँ हो । लोकतन्त्रको विकल्प उन्नत लोकतन्त्र नै हो, राजनीतिक दलको विकल्प सुधारसहितका राजनीतिक दल नै हुन् । तसर्थ, राजनीतिक दलले जनतामा नैराश्यताको अन्त्य हुने गरी, राजनीतिप्रति जनताको आस्था र विश्वास पैदा हुने गरी र राजनीतिकर्मी र नेतृत्वप्रति मतदाता र नागरिकको श्रद्धा र सम्मान अभिव्यक्त हुने अवस्थाको सृजना र ाजनीतिमा खोजिएको नयाँ हो ।

(लेखक नेपाल सरकारका सचिव हुन् ।)

*साभार: अनलाइनखबरबाट*

# चौंथो हप्तामा पनि 'महापुरुष' आक्रामक



काठमाडौं/यस वर्षको ब्लकबस्टर फिल्म 'कबड्डी ४'भन्दा अघि र पछि प्रदर्शनमा आएका कुनै फिल्म हलमा लामो समयसम्म टिक्न सकेनन् । लगानी उठाएका फिल्मको आयू पनि मुश्किलले चार हप्तासम्म रह्यो । तर, छठ विदादेखि प्रदर्शनमा आएको फिल्म 'महापुरुष'ले भने ५१औं दिने रेकर्ड बनाउने देखिएको छ । चौंथो हप्तामा पनि हलमा देखिएको दर्शक उपस्थितिले यो अनुमान गर्न सकिन्छ ।

यो फिल्मले प्रदर्शनको दोस्रो हप्तादेखि कहिले बलिउड त कहिले हलिउडका फिल्मसँग भिडन्त गर्दै आइरहेको छ । तर, कुनैले व्यापारमा असर गर्न सकेका छैनन् । मल्टीप्लेक्सहरुमा शोज भने बाँडिएको छ । बलियो 'वर्ड अफ माउथ'का कारण प्रदर्शनको दिनदेखि चौंथो हप्तासम्म फिल्मले जति पनि सिंगल स्क्रिन र मल्टीप्लेक्सहरुमा शोज पाएको छ, त्यसमा दर्शकको अभाव देखिन्न ।

चौंथो हप्तामा पनि हाउसफुलका साथ फिल्म चल्नु नेपालको हकमा दुलर्भ मानिन्छ । र, 'महापुरुष' दुलर्भ फिल्म बनेको छ । चौंथो हप्तामा पनि फिल्मलाई हाउसफुल दर्शकको साथ छ । तर, चौंथो हप्तादेखि फिल्मले जति नै आक्रामक व्यापार गरे पनि त्यसको फाइदा निर्मातालाई खासै हुँदैन । किनकि, प्रदर्शनको चौंथो हप्तादेखि निर्माताले कमाईको ३५ प्रतिशत मात्र शेयर पाउने गर्दछन् ।

नेपाली निर्मातालाई सर्वाधिक शेयर दिँदै आएको र नेपालको ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले आफ्नो देशभरका स्टेशनहरुमा 'महापुरुष'लाई चौंथो हप्ताको मंगलवार पनि १८ शो उपलब्ध गराएको छ । चौंथो हप्तामा नेपाली फिल्मले यो संख्यामा शो पाउनु आफैंमा ठूलो सफलता हो । राजधानी र मोफसलका अन्य मल्टीप्लेक्सहरुले पनि फिल्मलाई चौंथो हप्तामा राम्रो शो बाँडेका छन् ।

कुनै समय नेपाली फिल्म हेर्न परिवारसहित हल पुग्नेको संख्या सर्वाधिक देखिन्थ्यो । पछिल्लो समय युवापुस्तालक्षित फिल्म बन्न थालेकाले हलमा पारिवारिक दर्शक खासै देखिने गरेका थिएनन् । तर, 'महापुरुष'ले हल आउन नसकेको वर्गलाई पनि तानेको छ । युवापुस्तादेखि लौरो र सन्तानको सहारामा वृद्धवृद्धासम्म हल पुगेर फिल्म हेरिरहेका छन् । फिल्मको यो अर्को ठूलो कमाई हो ।

निर्माण टिमले तेस्रो हप्तादेखि कलेक्सन रिपोर्ट सार्वजनिक गरेको छैन । तर, फिल्मले चौंथो हप्ताको विकेन्डसम्ममा ९ करोड ग्रस कलेक्सन गरेको हुनसक्ने आँकलन गरिएको छ । एकल पिताको एक्लोपनको कथामा निर्माण भएको यो फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, र विन्द्र सिंह बानियाँ, अरुण क्षेत्री, अन्जना बराइलीको अभिनय छ भने प्रदीप भट्टराई निर्देशक हुन् ।

'विश्वकप-२०२२'

# लेवान्डोस्कीले पेनाल्टी गुमाए, पोल्याण्ड र मेक्सिकोले अंक बाँडे



काठमाडौं/कप्तान रोबर्टो लेवान्डोस्कीले पेनाल्टीमा गोल गर्न असफल भएपछि पोल्याण्डले कतारमा जारी फिफा विश्वकपको पहिलो खेलमा मेक्सिकोसँग बराबरी खेलेको छ ।

समूह सी अन्तर्गत स्टेडियम ९७४ मा मंगलबार भएको खेल गोलरहित बराबरीमा सकिए पछि दुवै टोलीले समान एक अंक पाएका छन् ।

मंगलबारै भएको समूह सी को पहिलो खेलमा साउदी अरेबियाले उपाधि दाबेदार अर्जेन्टिनालाई २-१ ले स्तब्ध पारेको थियो ।

पोल्याण्ड र मेक्सिकोले बराबरी खेलेपछि यो समूह खुल्ला भएको छ । पोल्याण्ड र मेक्सिकोबीच खेलको पहिलो हाफ गोलरहितमा सकिएको थियो ।

दोस्रो हाफमा पोल्याण्डले अग्रता लिने अवसर पाएपनि सदुपयोग गर्न सकेन । मेक्सिकोका हेक्टर हेरेराले लेवान्डोस्कीलाई फउल गरेपछि भिएआरको सहयोगमा पोल्याण्डले पेनाल्टी पाएको थियो ।

यसमा लेवान्डोस्की चुके भने मेक्सिकोका गोलकिपर गुइलेर्मो ओचाअ नायक बने । लेवान्डोस्कीको प्रहार ओचाअले डाइभ गर्दै शानदार बचाउ गरे ।

# अर्जेन्टिनालाई हराएको खुसीमा साउदी अरेबियामा सार्वजनिक बिदा



काठमाडौं/विश्वकप फुटबलमा उपाधि दाबेदार अर्जेन्टिना विरुद्ध पुनरागमन गर्दै शानदार जित हासिल गरेपछि साउदी अरेबियामा बुधबार सार्वजनिक विदा घोषणा भएको छ ।

अर्जेन्टिनालाई हराएपछि साउदी अरेबियाका राजा सलमान बिन अब्दुल्लाजिज अल साउदले बुधबार सार्वजनिक विदाको घोषणा गरेका हुन् ।

समूह सी अन्तर्गत लुसेल आइकोनिक स्टेडियममा मंगलबार भएको खेलमा साउदीले अर्जेन्टिनालाई २-१ ले स्तब्ध पारेको थियो ।

कप्तान लिओनल मेसीले पेनाल्टीमा गोल गर्दै सुरुवाती दश मिनेटमा अर्जेन्टिनालाई अग्रता दिलाए पनि दोस्रो हाफमा साउदीले शानदार पुनरागमन गरेको थियो ।

साउदी अरेबियालाई अर्जेन्टिनाविरुद्ध पहिलो पटक जित दिलाउन सालेह अल शेहरी र सालेम अल दावसरीले गोल गरेका थिए ।

ऐतिहासिक जितपछि साउदीमा बुधबार सबैखाले कामदार लाई छुट्टी दिइने छ । यस्तै सार्वजनिक र निजी स्कुल बन्द हुनेछन् । विश्वकपमा साउदी अरेबियाले चौथो जित निकाल्दा अर्जेन्टिनाको भने लगातार ३६ खेलमा अपराजित यात्रा टुङ्गिएको छ ।

# कांग्रेस र एमालेका उम्मेदवारलाई उछिन्न रेखालाई सकस



काठमाडौं/राप्रपा नेतृ तथा अभिनेत्री रेखा थापालाई मोरङ ३ मा कांग्रेस र एमालेका उम्मेदवारलाई मतमा उछिन्न सकस परेको छ । प्रारम्भिक मत परिणाममा उनी तेस्रो छिन् । ६ हजार ३ सय ६३ मत गनिसक्दा उनको पक्षमा ९ सय ५ मत झरेको छ । कांग्रेसका डा. सुनिल शर्मा ३ हजार १ सय ३२ मतसहित पहिलो र १ हजार ५ सय ७९ मत प्राप्त गर्दै एमालेका भानुभक्त ढकाल दोस्रो नम्बरमा छन् ।

चुनावी प्रचारको क्रममा रेखाको चर्चाका कारण कांग्रेस र एमालेका उम्मेदवार ओझेलमा परेका थिए । उनको प्रवेशले मोरङ ३ को चुनावी प्रतिस्पर्धा रोचक बनेको थियो भने युवापुस्ता र महिलाहरुमा उनको आकर्षण गजब देखिएको थियो । तर, प्रारम्भिक मत परिणाम रेखाको विपक्षमा आएको छ । अझै ठूलो मात्रामा मत गन्न बाँकी रहेकाले थापा आफूले जित हासिल गर्नेमा विश्वस्त छिन् ।

प्रतिनिधिसभातर्फ प्रत्यक्षमा चुनाव लड्ने निर्णय गरेपछि रेखा दशैंभन्दा अगावैदेखि मोरङ ३ का जनतामाझ पुगेकी थिइन् । उनले त्यहाँका मतदाताको समस्या बुझ्दै चुनाव जितेपछि समाधान गर्ने प्रतिबद्धता जनाएकी थिइन् । उनी सहभागी हुने चुनावी सभा र घर दैलोमा उल्लेख्य मात्रामा मतदाताको उपस्थिति रहने गरेको थियो । आफूप्रति देखिएको जनलहरले रेखा पनि उत्साहित थिइन् ।

मोरङ ३ मा रेखा आबद्ध पार्टीको संगठन बलियो छैन । त्यसकारण उनलाई आफ्ना विचार र पार्टीको एजेन्डाबाट जनताको विश्वास जित्दै त्यसलाई मतमा परिणत गर्नुपर्ने ठूलो चुनौती थियो । यसअघि यो क्षेत्रबाट एमालेका भानुभक्त ढकाल निर्वाचित भएका थिए । त्यसैले मोरङ ३ एमालेको किल्ला मानिन्थ्यो । तर, यस क्षेत्रको प्रारम्भिक मत रुझान हेर्दा कांग्रेसका शर्मा बलियो देखिएका छन् ।

# सय करोडको बाटो पछ्याउँदै अजयको 'दृश्यम २'



एजेन्सी, मुम्बई/बलिउड अभिनेता अजय देवगन स्टारर सस्पेन्स-ड्रामा फिल्म 'दृश्यम २'ले भारतीय बक्सअफिसमा आँधी ल्याएको छ । १५ करोड ३८ लाखको सानदार ओपनिङ गरेको फिल्मले दोस्रो दिन २१ करोड ५६ लाख कमाई गरेको थियो । तेस्रो दिन फिल्मको कमाईमा थप उछाल आयो । तेस्रो दिन २७ करोड १७ लाख कमाएको फिल्मले सोमवार बिना विदामा पनि ११ करोड ८७ लाख छापेको छ ।

चार दिनमा नै फिल्मले ७६ करोड १ लाख कमाएको छ । फिल्मको कमाईलाई ट्रेड एनालिस्ट तरण आदर्शले 'विजयी दौड' भनेका छन् । बलियो 'वर्ड अफ माउथ' मिलेको फिल्मले पहिलो हप्तामै सय करोडको आँकडा पार गर्ने देखिन्छ । दोस्रो हप्तामा भने यो फिल्मलाई वरुण धवन अभिनीत 'भेडिया'ले टक्कर दिँदैछ । यो भिडन्तमा कुन फिल्म कसमाथि भारी पर्छ, त्यो हेर्न रोचक हुनेछ ।

फिल्ममा अजय देवगनसँगै तब्बू, श्रिया सरन, अक्षय खन्ना, इशिता दत्ता, मृणाल जाधवलगायतको पनि अभिनय छ । आईजी मीरा (तब्बु) को छोराको हत्याको रहस्य पत्ता लगाउन प्रहरी (अक्षय खन्ना) ले मीरासँग मिलेर चालेको चाल र विजय सलगांवकर (अजय देवगन) ले छोरी र परिवारलाई बचाउन गरेको चलाखीपूर्ण संघर्षमा फिल्म आधारित छ । फिल्मको क्लाइमेक्स अकल्पनीय छ ।

अभिषेक पाठकद्वारा निर्देशित 'दृश्यम २' मलयालम सुपर स्टार मोहनलाल अभिनीत 'दृश्यम'को हिन्दी रिमेक हो । मलयालममा यो फिल्मको दुवै श्रृंखला हिट छ । हिन्दी भर्सनमा पनि यसको पहिलो श्रृंखला सफल भएको थियो । पहिलो श्रृंखला जहाँ अन्त्य भएको थियो, त्यहीँबाट ७ वर्षपछिको कथालाई फिल्ममा देखाइएको छ । तर, हरेक पक्षमा अब्बल 'दृश्यम' जति 'दृश्यम २' सशक्त छैन ।


"तपाईं हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।

साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।


# संसदीय यात्रामा अपराजित गगन : प्रधानमन्त्रीको कुर्सी कति नजिक ?



काठमाडौं/नेपालमा चुनाव अगावै प्रधानमन्त्रीको उम्मेदवार घोषणाको परम्परा छैन । तैपनि दलहरूले अनुकुलता हेरेर यस्तो अभ्यास नगरेका भने होइनन्, अझ व्यक्ति आफैंले प्रधानमन्त्रीको उम्मेदवारकारुपमा प्रस्तुत गरेका उदाहरण झनै कम छन् । यसपटक नेकपा एमालेले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीकोरुपमा अघि सार्‍यो, र चुनावी प्रचार गर्‍यो । ओली आफैंले यो चुनावमा अपिल गरे- 'चुनावपछिको प्रधानमन्त्री शेरबहादुर देउवा हुने कि म ? तपाईंहरूले चुन्नुहोला ।'

ओलीले कांग्रेस सभापति देउवाको अनुहार देखाएर एमालेलाई भोट माग्दै गर्दा कांग्रेसले पार्टीको उम्मेदवार तोक्न सकेन । तर महामन्त्री गगनकुमार थापा भने आफूलाई चुनावपछिको प्रधानमन्त्री उम्मेदवारको रुपमा उभ्याएर भोट मागे । काठमाडौंमा स्वतन्त्र र नयाँ पार्टीको दबदबा बनिरहेका बेला तेस्रोपटक मैदानमा उत्रिएका थापा मतदाताबाट आफूलाई अब प्रधानमन्त्री उम्मेदवारको रुपमा अनुमोदन गराएका छन् ।

काठमाडौं-४ बाट 'फ्याट्रिक' जित निकालेपछि मंगलबार उनले अब पार्टीको संसदीय दलको नेता बन्ने तयारीमा लागेको घोषणा समेत गरे । भर्खरै खुलेका दल, युवा र नयाँ अनुहारले देशभर स्थापित दल र नेताहरूलाई चुनौती दिइरहेका बेला पार्टीमा नयाँ पुस्ताको नेतृत्व गर्ने ४६ वर्षे थापाको घोषणाले शीर्ष नेताहरूमाझ दबाब सिर्जना गरेको छ । गणतन्त्र स्थापनाको आन्दोलनमा पार्टीभन्दा पहिले फ्रन्टलाइनमा उभिएका थापा अहिले नेतृत्व पुस्तान्तरणको दबाब बढाउँदै देशको नेतृत्व गर्न सक्ने युवा पुस्ताको अग्रपंक्तिमा छन् ।

पार्टीभित्र रुपान्तरण र पुस्तान्तरणको एजेन्डा बोकेर लोकप्रिय मतसहित महामन्त्री निर्वाचित भएका थापाको यो घोषणाले अब राष्ट्रिय राजनीतिमै पुस्तान्तरणको दबाब सिर्जना गर्ने देखिएको छ । त्यसो त थापाका लागि कांग्रेसको संसदीय दलको नेता बन्ने बाटो त्यति सहज भने छैन । कांग्रेसमा संसदीय दलको नेता बन्न उम्मेदवारी नै घोषणा गर्ने थापा पहिलो हुन् । तर, उनी दलको नेता बन्न पार्टीभित्रको गुटगत समीकरणमा ठूलै परिवर्तन आउनुपर्छ ।

टिकट वितरणमा सभापति देउवाको दबदबा जमाएका छन् । सभापति देउवाले नै फेरि दलको नेता बन्न चाहे अहिलेकै समीकरणमा उनलाई कसैले रोक्न सक्दैन । तर, चौथोपटक संसद्को यात्रा तय गरेका थापाले त्यतिका चुनौतीमाझ पनि मंगलबार सांसद निर्वाचित भएलगत्तै संसदीय दलको नेताका लागि प्रतिस्पर्धा गर्ने घोषणा गरे, अहिलेको अवस्थामा कांग्रेसले मात्रै मुलुकलाई नयाँ नेतृत्व दिनसक्ने दाबी गरे ।

उनले कांग्रेसबाट निर्वाचित सांसदहरूलाई आफ्ना मतदाताको मन बुझेर, मतदाताको साँच्चिकै प्रतिनिधि बनेर संसद्मा आउन समेत आग्रह गरेका छन् ।

'यो निर्वाचनको परिणाम हेर्दा नेपाली जनताले स्थिर सरकार मात्रै खोजेको होइन, अब नेपाललाई हाक्ने नयाँ चालक पनि खोजिरहेका छन् । त्यस्तो नयाँ चालक आजको दिनमा कसैले दिन सक्दछ भने त्यो नेपाली कांग्रेसले मात्रै दिनसक्छ,' थापाले भनेका छन्, 'कांग्रेसबाट निर्वाचित भएर आउँदै गर्नुभएका साथीहरूलाई मेरो विशेष आग्रह छ, तपाईंहरू चुनाव जितेर आउँदै हुनुहुन्छ, तपाईंलाई मतदाताले मतमात्रै दिनुभएको छैन, मन पनि दिएर पठाउनुभएको छ । तपाईंको मतदाताले के चाहान्छन् ? मनन् गरेर, सोधेर आउनुहोला ।'

राजनीतिक विश्लेषक पुरञ्जन आचार्य संसदीय दलको नेता बनेर प्रधानमन्त्रीका हुने थापाको दाबीलाई स्वभाविक भन्छन् । अहिलेको निर्वाचनले नयाँ राजनीतिक धरातल बनाएको दाबी गर्ने उनी पुरानो पुस्तामाथि दबाब बढेको बताउँछन् ।

'हरेक सांसद प्रधानमन्त्रीको लागि योग्य हुन्छ । दलीय व्यवस्थामा दलभित्र स्वीकारिएको मान्छे, दलको नेता भएको मान्छे प्रधानमन्त्रीको उम्मेदवार बन्ने हो । गगन थापाको हकमा उनी मन्त्री र पार्टीको महामन्त्री भइसकेका, पटक-पटक सांसद भइसकेकाले त्यो स्वभाविक छ,' उनले भने, 'फेरि यो चुनावले नयाँ राजनीतिक धरातल तयार हुँदैछ । देशमा परिवर्तनको हुटहुटी र छटपटी मतदाताले व्यक्त गरेका छन् । यसले पुरानो पुस्तामाथि ठूलो दबाब सिर्जना भएको छ ।'

नेपालमा व्यक्ति वा दलले प्रधानमन्त्री घोषणा गर्ने परम्परा छैन । तर, चुनावी मैदानकाबीच थापाको दलको नेता बन्ने घोषणालाई आचार्यले दुई अर्थमा बुझेको बताए । 'यो उनको चुनावी परिणाम आफ्नो पक्षमा पार्ने रणनीति पनि हुनसक्छ, अर्को वास्तविक आकांक्षा पनि हुनसक्छ,' उनले भने ।

विगतमा संसद्मा हुँदा चर्को खबरदारी र निर्णायक मोडमा बलियो गरी जिम्मेवारी निभाएका थापा वाचाल समेत छन् । स्वच्छ सार्वजनिक छविका कारण पछिल्ला राष्ट्रिय राजनीतिक मुद्दामा उनको अडानलाई पार्टीको नेतृत्व र जनताले समेत रुचाएको देखिन्छ । पछिल्लो समय संसद्बाट एमसीसी सम्झौता अनुमोदनको प्रक्रियामा थापाले त्यस्तै भूमिका निभाए, जसले कांग्रेसजन र समग्र नेपाली राजनीतिमै उनको चर्चा भयो ।

अहिले कांग्रेसमा मात्रै होइन, राष्ट्रिय राजनीतिमै कतिपय मुद्दामा उनको बोली यति अर्थपूर्ण बन्ने गर्दछ कि कुनै विवादास्पद मुद्दामा गगनले के बोल्छन् ? त्यो हेरेरमात्रै उनको पार्टी र अन्य राजनीतिक दलका नेताहरूले धारणा बनाउँछन् । चुनावअघि नै प्रधानमन्त्री बन्ने घोषणा गरिसकेका नेपालको अहिलेको संसदीय व्यवस्थामा आगामी पाँच वर्षसम्मै प्रधानमन्त्री नबन्न पनि सक्छन् । तर, सार्वजनिकरुपमा भने थापाले आफूलाई पुष्टि गरिसकेका छन् ।

०६२/०६३ को जनआन्दोलनताका राजसंस्था फाल्ने र मुलुकलाई गणतन्त्रको बाटोमा अघि बढाउने वा नबढाउने भन्नेमा पार्टी अनिर्णित थियो । तर त्यही बेला गणतन्त्रको बाटो रोजेर स्पष्ट अडान पेश गरेका थापा आन्दोलनको 'फ्रन्टलाइन'मा थिए ।

गणतन्त्र स्थापनापछि पहिलो संविधानसभामा समानुपातिकबाट सांसद भए । प्रत्यक्ष टिकट वितरणमा उनले टिकट नपाएपछि आन्दोलनका 'फ्रन्टलाइनर'लाई नै टिकट नदिइएको भनेर आलोचना भएपछि उनी सांसद भएका थिए । त्यसयताका दुई दशकमा उनी पटक-पटक परीक्षण भएका छन् । उनले निरन्तर राष्ट्रिय राजनीति र संसद्मा दबाबपूर्ण उपस्थिति दर्शाएका छन् । पार्टीमा दुई पुस्तालाई पछि पार्दै महामन्त्री बनेका थापाले यसपटक प्रधानमन्त्री उम्मेदवार कोरुपमा आफूलाई प्रस्तुत गरेका छन्, उनी उम्मेदवार मात्रै होइन, आगामी पाँच वर्षमा देश यसरी चलाउँछु भन्ने खाकासहित प्रस्तुत हुँदैछन् ।

पार्टीमा नेतृत्वको आशीर्वादमा होइन, पार्टीका कार्यकर्ता र मतदाताको माझबाट चुनिएर नेतृत्वमा पुगेका छन् उनी । कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको उपाध्यक्ष र महामन्त्री भएर काम गरेका थापा ०६४ सालमा ३१ वर्षमै संसद् छिरे । संविधानमा प्रभावकारी देखाएका थापा ०६७ को कांग्रेस महाधिवेशनबाट सर्वाधिक मतसहित केन्द्रीय सदस्य भए । ०७२ मा एकैपटक महामन्त्रीको चुनाव लडेका थापा यसपटकको महाधिवेशनमा भने सर्वाधिक मतसहित महामन्त्री बनेका हुन् । उनको संसदीय यात्रा पनि अहिलेसम्म अपराजित छ ।

पहिलो संविधानसभामा समानुपातिकबाट सांसद भएका उनी ०७० मा काठमाडौं-४ बाट चुनाव लडे । त्यसबेला उनले एमालेका निर्मल कुइँकेललाई १३ हजारभन्दा धेरै मतले पराजित गरे ।

थापाले २२ हजार ३३६ मत ल्याउँदा एमालेका कुइँकेलले ९ हजार १३५ मत ल्याएका थिए । थापा ०७४ पनि त्यही क्षेत्रबाट दोहोरिएर निर्वाचित भए । देशभर बामगठबन्धन हुँदा थापाले भने एमालेका राजन भट्टराईलाई ३ हजार ४१६ मतले पराजित गरेका थिए । त्यसबेला थापाले २१ हजार ५५८ मत ल्याउँदा भट्टराईले १८ हजार १४० मत पाएका थिए । थापाले यसपटक ७ हजार ४४७ मतले एमालेका भट्टराईलाई पराजित गरेका छन् । उनले २१ हजार ३०२ मत ल्याउँदा एमालेका भट्टराईले १३ हजार ८५५ मत पाएका छन् ।

संसदीय दलको नेता बन्न पार्टीबाट निर्वाचित सांसदमध्ये बहुमत जुटाउनुपर्छ । संसदीय दलको नेता बनेपछि प्रधानमन्त्री बन्न संसदमा बहुमत जुटाउनुपर्छ । राजनीतिक विश्लेषक आचार्य अहिलेकै अवस्थामा भने थापालाई दलको नेता र प्रधानमन्त्री दुवै बन्न असहज देख्छन् ।

'प्रधानमन्त्री बन्न पहिले पार्टीका सांसदहरूको बीचबाट दलको नेता निर्वाचित हुनुपर्छ, त्यसपछि गठबन्धनका दलले पनि विश्वास गर्नुपर्ने हुन्छ, अहिलेको अवस्था हेर्दा त्यो सहज चाहिँ छैन,' उनी भन्छन्, 'फेरि हाम्रा पार्टीका महामन्त्रीहरू मन्त्री पनि नभई राजनीतिबाट बाहिरिएका उदाहरण पनि छन् ।'

*(स्रोत: ई-कान्तिपुर)*


**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।


Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# किशोरी आमाको संख्या बढ्दो अवस्थामा

साझाकुरा संवाददाता

हेटौंडा/कानुनले विवाह गर्ने उमेर २० वर्ष तोकेको छ । त्यस्तो सन्देश दिने जिङल सुने पनि व्यवहारमा भने कार्यान्वयन भएको छैन । सानै उमेरमा आमा बन्ने किशोरीको संख्या भने अहिले पनि कम छैन । सानै उमेरमा आमा बन्नेको संख्या धेरै रहेको अस्पतालको तथ्याङ्कले पनि देखाउँछ ।



हेटौंडा अस्पतालमा मात्रै ६ महिनामा १ सय ३२ जना किशोरी आमा बनेका छन् ।बैशाख महिनामा २२ जना, जेठ महिनामा १७ जना, असारमा ३० जना, साउन महिनामा १८ जना, भदौं महिनामा २६ जना र असोज महिनामा १९ जना गरी ६ महिनामा १ सय ३२ जना किशोरी आमा बनेका अस्पतालको तथ्याङ्क छ ।

जेठ महिनादेखि असोज सम्म कुल १ हजार ५ सय ४६ जना गर्भवती हेटौंडा अस्पतालमा सुत्केरी भएका छन् । हेटौंडा अस्पतालमा जेठ महिनामा २० वर्षभन्दा कम उमेरका १७ जना किशोरी आमा बन्दा १ सय ७६ जना गर्भवती सुत्केरी भएका थिए । यस्तै, हेटौंडामा असार महिनामा ३० जना किशोरी आमा बन्दा २ सय ९८ गर्भवती सुत्केरी भएका थिए । २ सय ६ जना सामान्य अवस्थामा सुत्केरी हुँदा ७७ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो । १५ गर्भवतीको जटिल अवस्थाका सुत्केरी गराइएको थियो ।

असार महिनामा ३० जना गर्भवतीले सुरक्षित गर्भपतन गराएको हेटौंडा अस्पतालले जनाएको छ । गत साउन महिनामा ३ सय ४८ जना गर्भवती सुत्केरी हुँदा १८ जना किशोरी गर्भवती सुत्केरी भएको अस्पतालको तथ्याङ्क छ । २ सय ५० जना सामान्य अवस्थामा सुत्केरी हुँदा ८० जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो । भदौं महिनामा मात्र २६ जना किशोरी आमा बनेका छन् । भदौ महिना कुल ३ सय ६९ जना गर्भवती अस्पतालमा सुत्केरी भएका छन् । २ सय ८४ जना सामान्य अवस्थामा सुत्केरी हुँदा ५५ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो ।

यस्तै, ४ जना जटिल अवस्थामा सुत्केरी भएका थिए । भदौं महिना २७ जनाले सुरक्षित गर्भपतन गराएको अस्पतालले जनाएको छ । यस्तै, असोज महिनामा १९ जना किशोरी आमा बनेका छन् । असोज महिनामा कुल ३ सय ५५ जना गर्भवती सुत्करी भएको अस्पतालले जनाएको छ । २ सय ५३ जना समान्य अवस्थामा सुत्केरी हुँदा १२ जना जटिल अवस्थामा सुत्केरी भएका थिए । यस्तै, ७१ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो । असोज महिनामा ३४ जनाले गर्भपतन गराएका थिए ।

सानै उमेरमा बसेको गर्भ र सानै उमेरमा गराएको प्रसुतिले शारीरिक रुपमा मात्र नभई, मानसिक, सामाजिक समस्या र स्वतन्त्रताको कमी हुनेजस्ता सामाजिक बन्धनले गर्दा किशोरीमा डिप्रेसन (मानसिक चिन्ता) हुन सक्ने तथा किशोर ावस्थामा नै गर्भवती हुनुपरेमा गर्भको जटिलता बढी हुने चिकित्सक बताउँछन् । सानै उमेरमा प्रसुति गराउँदा शारीरिक अपरिपक्वताले बच्चा जन्माउन नसक्दा आमा र बच्चाको ज्यान जोखिमपूर्ण रहन्छ । सामाजिकरुपमा पनि अपहेलना हुने, सानै उमेर भएकाले घर व्यवहार धान्न नसक्दा र सुत्केरी भएपश्चात् ध्यान दिनुपर्ने विषयलाई नबुझ्दा विविध समस्या आउन सक्ने डाक्टरको भनाइ छ । २० वर्षभन्दा कम उमेरमा गर्भवती हुँदा गर्भमा र हने बच्चामा रक्तअल्पताको जोखिम रहन्छ । सानै उमेर गर्भवती हुँदा गर्भमा रहेको बच्चा र गर्भवती आमाको ज्यान समेत जानसक्ने खतरा रहन्छ ।

# जिल्लाकै उच्च स्थानमा पर्वतीय ताल



हेटौंडा, ६ मंसिर/मकवानपुरको उच्च स्थानमा रहेको पर्यटकीय क्षेत्र सिमभञ्ज्याङमा १० वर्ष पुरानो पर्वतीय तालको पुर्ननिर्माण हुने भएको छ । जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका वडा नम्बर ४ सिमभन्ज्याङमा पर्वतीय ताल निर्माण गरिँदै आइरहेको हो । १० वर्षदेखि करुणाभूमि सामुदायिक वन उपभोक्ता समितिले थालेको ताल बनाउने अभियान पुन: सुरु भएको हो । तत्कालीन जिल्ला विकास समितिले लाखौं बजेट हालेर सिमभञ्ज्याङ बजार भन्दा मुनीको क्षेत्रमा पर्वतीय ताल बनाउने योजना कार्यान्वयन गरेको थियो । त्यतिबेलै उपभोक्ता समिति बनाएर काम गरेपनि ताल निर्माणले पूर्णता पाउन सकेको थिएन् । ताल निर्माणका लागि बिनियोजित बजेट मात्रै सकिएको तर, ताल भने बन्न नसकेको भन्दै उपभोक्ता समितिको आलोचनासमेत भएको थियो ।

थाहा नगरपालिकाको मुख्य पर्यटकीय स्थल तथा मकवानपुर जिल्लाकै उच्च भागमा अवस्थित रमणीय स्थल सिमभन्ज्याङको निर्माणाधीन पर्वतीय कृतिम तालको निर्माणको लागि ठेक्का लागिसकेको छ । बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको ८० लाख रुपैयाँको बजेटबाट ताल निर्माण गरिँदैछ । ताल निर्माणका लागि स्यार्सेकाली बिल्डर्स प्रालिले ६१ लाख ३३ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको हो । निर्माण व्यवसायीले कार्यादेश लिई काम गरिरहेका छन् । निर्वाचनपछि कामलाई तीव्रता दिइने जनाइएको छ । सिमभन्ज्याङमा तीन वटा ताल निर्माण गर्ने तयारी भइरहेको जनाइएको छ । तालमा डुंगा सञ्चालन, लोपोन्मुख असला माछा संरक्षणको र फिसिङको समेत उद्देश्य लिइएको छ । तालको निर्माणले थाहा नगरमा भित्रिने पर्यटनको बसाइँ लम्ब्याउन सकिने करुणा भुमी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बिनोद कुमार लामाले बताए । सिमभञ्ज्याङ क्षेत्रमा हरेक वर्ष हिउँ पर्ने गरेको छ । सिमभञ्ज्याङ र दामन क्षेत्रमा हिउँ पर्दा चितवन, बारा, पर्सा, रौतहटदेखि काठमाडौंसम्मका आन्तरिक पर्यटकको घुइचो लाग्ने गरेको लामाले बताए ।

# हेटौंडा उपमहानगरपालिकाे शिक्षामा एकचौथाई बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा/चालू आर्थिक वर्षको ४ महिनामा हेटौंडा उपमहानगरपालिकाले ।शिक्षा क्षेत्रमा करिब एकचौथाई बजेट खर्च गरेको छ ।



गत साउन महिनादेखि कार्तिक आधासम्ममा उपमहानगर पालिकाले शिक्षा क्षेत्रमा स्वीकृत बजेटको करिब एकचौथाई बजेट मात्रै खर्च गरेको हो ।

उपमहानगरपालिकाले सामाजिक विकास शीर्षकअन्तर्गत् सशर्त र आन्तरिक गरी ६८ करोड २३ लाख ८८ हजार रुपैयाँ शिक्षातर्फ बजेट विनियोजन गरेको थियो ।

कुल बजेटमध्ये १७ करोड ४२ लाख ७७ हजार ७ सय ३३ रुपैयाँ खर्च भएको जनाइएको छ । जसमा ५० करोड ८१ लाख १० हजार २ सय ६७ रुपैयाँ मौज्दात रहेको शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगरपालिकाका शिक्षा अधिकृत रामचन्द्र खड्काले जानकारी दिए ।

४ महिनाको अवधिमा शिक्षा विकास महाशाखा हेटौंडाले शिक्षकहरुको मासिक तलब भुक्तानी, दिवा खाजा कार्यक्रमको रकम निकासा, विद्यालय व्यवस्थापन समिति गठन, शिक्षा समिति बैठक आयोजना गरेको छ ।

यस्तै, स्थानीय पाठ्यक्रम वितरण, सिकाई केन्द्र निर्माण, लेखापरीक्षणका लागि सूचना प्रकाशन, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि छनौट भएका विद्यालयसँग सम्झौता, कक्षा थपको अनुमति, सामुदायिक विद्यालयका प्रधानाध्यापक र शिक्षकलाई आइसीटी तथा विद्यालय सफ्टवेयरबारे २ दिने तालिम दिएको छ ।

शिक्षा क्षेत्रमा ठूलो रकम विनियोजन भएको भए पनि अधिकांश रकम शिक्षकको मासिक तलब भुक्तानीका लागि बजेट खर्च हुने शिक्षा अधिकृत खड्काले बताउनुभयो । साउन र भदौ महिनाको दिवा खाजा निकासा गर्दा ५३ लाख ३९ हजार ३ सय २५ रुपैयाँ खर्च भएको उनको भनाई छ ।

# मधेशका मुख्यमन्त्री राउत प्रदेशसभा सदस्यमा निर्वाचित

काठमाडौं, ७ मंसिर/मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत प्रदेशसभा सदस्यमा निर्वाचित भएका छन् । मंगलबार मध्यरातमा सार्वजनिक मतगणनाको नतिजा अनुसार जनता समाजवादी पार्टीका उम्मेदवार राउत पर्सा-१ ९२० बाट मधेश प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।

उनले ७ हजार ५४५ मत ल्याएर निर्वाचित हुँदा नेपाली कांग्रेसका रामनारायणप्रसाद कुर्मीले ६ हजार २१२ मत पाएका छन् । तेस्रो स्थानमा रहेका राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार विनयकुमार झाले २ हजार ८४१ र हाम्रो नेपाली पार्टीका ओमप्रकाश सर्राफले २ हजार ४१ मत पाए ।

# बागमती प्रदेशसभामा कांग्रेसको पहिलो जित

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/बागमती प्रदेशसभामा नेपाली कांग्रेसले रसुवाबाट खाता खोलेको छ । रसुवा प्रदेश १ बाट कांग्रेसका प्रभात तामाङ निर्वाचित भएका छन् ।

तामाङ यसअघि पनि प्रदेशसभा सदस्य थिए । कांग्रेसभित्र संस्थापन पक्षका उनले प्रदेशसभामा लगातार दोस्रो जित निकालेका हुन् । तामाङले ८ हजार १ सय ८६ मतसहित जित निकाले । तामाङसँग निकट्तम प्रतिस्पर्धी नेकपा एमालेका कुलप्रसाद भट्टले ४ हजार ७ सय ७२ मत मात्रै ल्याए ।



# रोटरी क्लबद्वारा आँखा अस्पताललाई ह्वील चियर हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ६ मंसिर/रोटरी क्लब अफ मकवानपुरले हेटौंडा सामुदायिक आँखा अस्पताललाई ह्वील चियर हस्तान्तरण गरेको छ ।

रोटरी क्लब अफ मकवानपुरले हेटौंडा सामुदायिक आँखा अस्पताललाई २ थान ह्वील चियर हस्तान्तरण गरेको हो । रोटरी क्लब अफ मकवानपुरका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापति, कार्यक्रम संयोजक कृष्ण बहादुर कार्कीद्वारा संयुक्त रुपमा हेटौंडा आँखा अस्पतालका प्रमुख सुनिल सिवाकोटीलाई २ थान ह्विल चियर हस्तान्तरण गरिएको छ ।




कार्यक्रममा हेटौंडा सामुदायिक आँखा अस्पतालका वरिष्ठ प्रशासनिक अधिकृत सुदिर श्रेष्ठ, वरिष्ठ पत्रकार प्रताप विष्ट, रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदिप कुमार राई लगायत रोटरीयनहरुको उपस्थिति रहेको थियो ।

# ललितपुरबाट प्रदेशसभामा कांग्रेसका मीनकृष्ण निर्वाचित

ललितपर, ७ मंसिर/ललितपर-१ प्रदेशसभा (२)मा नेपाली कांग्रेसका मीनकृष्ण महर्जन निर्वाचित भएका छन् । गठबन्धनका तर्फबाट कांग्रेसका उम्मेदवार महर्जनले नेकपा (एमाले)का चेतनाथ सञ्जेललाई चार हजार दुई सय १४ मतले पछि पार्दै बागमती प्रदेशसभा सदस्यमा निर्वाचित भएका निर्वाचन अधिकृत बालकृष्ण निरौलाले जानकारी दिए ।



निर्वाचन अधिकृतको कार्यालयले सार्वजनिक गरेको नतिजाअनुसार कांग्रेसका उम्मेदवार महर्जन १३ हजार तीन सय ७८ मत प्रप्त गरी बागमती प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् । उनका निकटतम् प्रतिस्पर्धी एमालेका उम्मेदवार सञ्जेलले नौ हजार एक सय ६४ मत प्राप्त गरेका छन् ।

राप्रपाका उम्मेदवार विश्वराज न्यौपानेले एक हजार छ सय नौ, नेमकिपाका मन्पी महर्जनले दुई सय चार, मंगोल नेशनल अर्गनाइजेशनका तिलकबहादुर जिम्माले एक सय ४२, हाम्रो नेपाली पार्टीका अशोककुमार केसीले तीन सय ७६, स्वतन्त्र उम्मेदवार तिलकबहादुर भोलनले चार, देवेन्द्र श्रेष्ठले ११, नवराज कुँवरले ३३, पिताम्बर सञ्जेलले २५, रमेशकुमार सञ्जेलले १०, राजेन्द्र महर्जनले सात, बद्रीबहादुर बस्नेतले आठ, श्रीलाल भोम्जनले एक सय पाँच र सरोजकुमार विष्टले आठ मत प्राप्त गरेका छन् ।

सैतीस हजार छ सय १४ मतदाता रहेको यस क्षेत्रमा २५ हजार सात सय ३१ मत खसेको थियो । यस क्षेत्रमा छ सय ७७ मत बदर भएको थियो भने २५ हजार ८५ मत सदर भएको निर्वाचन कार्यालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ ।

महर्जन र सञ्जेल विसं २०७४ को प्रदेशसभा निर्वाचनमा पनि प्रतिस्पर्धामा थिए । २०७४ मा सञ्जेलले १२ हजार आठ सय ६६ मत प्राप्त गरी बागमती प्रदेशसभा सदस्यमा विजयी हुँदा महर्जन ११ हजार सात सय ४२ मत प्राप्त गरी उपविजेता भएका थिए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|
| Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| CMA/ANM | Few | Negotiable | TSLC |
| Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.




**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सैं घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

